# माध्यमिक शिक्षा परीक्षा (SEE Supplementary/Upgrade 2019)
(पुरक/ग्रेडबृद्धि)
## उत्तरकुञ्जिका - (Marking scheme)

पूर्णाङ्क:- ७५

विषय: **अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा** (नयाँ पाठ्यक्रम)

उत्तरपुस्तिका परीक्षणकुञ्जिका उत्तरपुस्तिका परीक्षणको निम्ति परीक्षकलाई सामान्य मार्गनिर्देशन हो । परीक्षकले उत्तरको शुद्धता, स्तरीयता मौलिकता आदि हेरी आवश्यकताअनुसार विवेक प्रयोग गरी स्तरअनुसार सहि, स्पष्ट, उपयुक्त, मापनीय र स्तरीय मूल्याङ्कन गर्नुपर्ने छ । सम्भव भएसम्म कुञ्जिकाले निर्देश गरेको परिधि र सीमाभित्र रही मूल्याङ्कन गर्नुपर्ने छ ।

| प्र.नं. | उत्तर | अङ्क |
|---|---|---|
| १. | नीति नियम निर्माण, योजना तथा कार्यक्रम जस्ता कुनै एक लेखेमा | १ |
| २. | कोरा जन्मदर $= \frac{\text{कुनै निश्चित स्थानको निश्चित समयमा जन्मेको जीवित शिशुको सङ्ख्या}}{\text{सोही स्थानको मध्यवर्षको जनसङ्ख्या}} \times १०००$ लेखेमा | १ |
| ३. | रोजगारीको कमी, देखासेखी, कामको उचित सम्मान नहुनु, सेवा सुविधाको कमी आदि मध्ये कुनै एक उत्तर लेखेमा | १ |
| ४. | पहाडी प्रदेश लेखेमा | १ |
| ५. | उच्च गुणस्तरीय जीवनमा खुशी तथा सन्तुष्टि हुनु, न्यून गुणस्तरीय जीवनमा दुखी, अभाव तथा असन्तुष्टि हुन्छ भन्ने जस्ता आसयको एक फरक लेखेमा | १ |
| ६. | राष्ट्रिय निकुञ्ज स्वस्थानीय संरक्षण (In-situ) अन्तर्गत पर्दछ भन्ने उत्तर लेखेमा | १ |
| ७. | झाडापखाला, आउँ, कमलपित्त जस्ता एक लेखेमा | १ |
| ८. | अजिंगरको वासस्थानमाथिको विनाश, चोरी शिकारी जस्ता एक लेखेमा | १ |
| ९. | प्रवर्द्धनात्मक सेवा लेखेमा | १ |
| १०. | वि.सं. २०२० भाद्र १९ गते लेखेमा | १ |
| ११. | 'धुम्रपानले फोक्सोको क्यान्सर लगायतका अन्य स्वस्थ्य समस्या निम्त्याउने भएकोले' भनने आसय लेखेमा | १ |
| १२. | प्राणी र वनस्पतिका कुनै चारओटा नाम लेखेमा | ४ |
| १३. | जनसङ्ख्या बृद्धिदर $= \frac{\text{कोरा जन्मदर-कोरा मृत्युदर + खास बसाइसराइँ दर}}{१०००} \times १००$<br>$= \frac{३०-१०+५}{१०००} \times १००$<br>$= \frac{२५}{१०}$<br>= २.५ प्रतिशत लेखेमा<br>**Or,**<br>- आप्रवासन दर, उत्प्रवासनदर, खास बसाइ सराइदर, कुल बसाइसराइ दर लेखी उदाहरण दिएर वर्णन गरेमा । | ४<br><br>२+२ |
| १४. | - भविष्यका पुस्ताका आवश्यकतमा खलल नपुऱ्याइ वर्तमान आवश्यकता परिपूर्ति गर्नु भन्ने लेखेमा - १ अङ्क<br>- कुनै तीनको महत्व लेखेमा । | १<br>३ |

| | | |
|---|---|---|
| १५ | - हिमाल, पहाड, तराइ प्रखेशमा, भूधरातल, हावापानी, उचाइ, क्षेत्रफल, सीमाना जिल्लाहरुकामा फरक हुन्छ भनी लेखेमा | ४ |
| १६. | - पोषिलो र सन्तुलित खानले परिवारलाई शक्ति दिने, सुरक्षा दिने, शरीर निर्माण गर्ने खानेकुराको परिपूर्ति भएमा तन्दुरुस्त राख्छ । त्यसले शारिरीक रुपले तन्तुरुस्त, मानसिक रुपले सचेत र सामाजिक रुपले सक्रिय बनाइ गुणस्तरीय जीवन यापन गर्न मद्दत गर्छ भन्ने आसयको उत्तर लेखेमा । | ४ |
| १७. | - वातावरणका विभिन्न प्रकारका वासस्थान नास भएमा त्यहाँको पारिस्थितिक प्रणाली प्रभावित बन्छ र त्यसमा निर्भर जैविक विविधतामा पनि स्वत: असर पर्छ भन्ने आसयको उत्तर लेखेमा ।<br>**Or,**<br>- पारिस्थितिक प्रणाली कायम राख्न, वातावरण सन्तुलन राख्न, अस्तित्व जोगाउन, जैविक सम्पदा संरक्षण गर्न जस्ता आसय आउने उत्तर लेखेमा | ४<br><br><br><br>४ |
| १८. | - नसर्ने रोग, निर्मुल हुँदैनन्, नियन्त्रण मात्र गरी राख्नुपर्छ । निरन्तर उपचार गरिरहनु पर्छ, आर्थिक भार परिरहन्छ । विरामीलाई मानसिक तनाव भइरहन्छ, कतिपय लक्षण नदेखिकनै असर गरिराख्छ, औषधी खर्चिलो हुने गर्दछ जस्ता आसय व्यक्त गरेमा । | ४ |
| १९. | - सुरक्षित प्रसुति हेरचाह, प्रसुती सामग्री, तयारी, लक्षण देखापर्नासाथ अस्पताल वा सुडेनीलाई खबर गर्नु, पोषिलो झोलिलो पदार्थ खानदिने, माया, प्रोत्साहन, सुरक्षा दिनु पर्छ जस्ता आसय आउने उत्तर लेखेमा । | ४ |
| २०. | - नेपालको प्रमुख स्वास्थ्य समस्या गरीबी हो, २३.८ प्रतिशत निरपेक्ष गरीबीको रेखामुनी भएकोले, गरीबका कारणहरु, स्वास्थ्य शिक्षा लिन समस्या, कुपोषणको समस्या, खानेकुरा चिन्न नसक्नु, प्रयोग गर्न नसक्नु, निरोधात्मक स्वास्थ्य सेवामा पहुँच नहुनु आदि आसय आउने उत्तर लेखेमा<br>**Or,**<br>- शिशु तथा आमाको स्वास्थ्य परीक्षण गर्नु, बालबालिकालाई पौष्टिक आहार प्रदान गर्नु, मातृशिशु स्वास्थ्य सम्बन्धी शिक्षा दिनु, प्रसुती सेवा प्रदान गर्नु, पारिवारिक बोझबाट मुक्त गराइ भविष्य सुखमय बनाउन मद्दत गर्नु आदि जस्ता आसय आउने उत्तर लेखेमा | ४<br><br><br><br>४ |
| २१. | - आर्थिक, सामाजिक तथा संस्कृतिक कारणले विभिन्न भौगोलिक र क्षेत्रीय रुपमा छरिएर बसोबास गर्नुलाई जनसङ्ख्या वितरण भनिन्छ भन्ने आसय व्यक्त गरेमा ।<br><br>**कारण :**<br>१ सेवा र सुविधाको असमान वितरण<br>२ भौगोलिक विविधता<br>३ असमान हावापानी<br>४ माटोको उर्वरता<br>५ रोजगारीको उपलब्धता<br>यी र यस्तै पाँचओटा उत्तर लेखेमा | २<br><br><br>५ |
| २२. | **गुणस्तरीय जीवनका आधारहरु**<br>१ आधारभूत आवश्यकताको परिपूर्ति<br>२ भौतिक गुणस्तरीय जीवन सुचकांक<br>३ मानव विकास सुचकांक<br>यी आधारहरुको वर्णन गरेमो<br>कुनै एक आधारले नेपालमा प्रमुख भूमिका खेल्दछ भन्ने उत्तर लेखेमा | ५<br><br><br><br><br>२ |

| | | |
|---|---|---|
| २३. | - पाटे बाघको शारिरीक बनावट, उचाइ, वासस्थान, आहार, सन्तान उत्पादन, जस्ता परिचय लेखेमा | २ |
| | संरक्षणका उपायहरु<br>१ वासस्थानको संरक्षण<br>२ चोरी शिकारीमा नियन्त्रण<br>३ वनजंगलमा आगोलागिको नियन्त्रण<br>४ आहारको व्यवस्थान<br>५ स्वस्थानीय तथा परस्थानीय संरक्षण व्यवस्थान<br>यी र यस्तै कुनै पाँच उपायहरु लेखेमा | ५ |
| २४. | नेपाल परोपकार संघको भूमिका<br>- प्रसुती सेवा प्रदान<br>- एम्बुलेन्स सेवा<br>- च्यारीटीमार्फत महामारीमा परेकालाई निशुल्क सेवा<br>- अनाथलयको सञ्चालन<br>- प्राथमिक स्वास्थ्य उपचार<br>- घुम्ती स्वास्थ्य शिविर संचालन | ३.५ |
| | नेपाल परिवार नियोजन संघको भूमिका<br>- सानो र सुखी परिवारबारे जनचेतना फैलाउने<br>- परिवार नियोजनका साधनहरुको वितरण र परामर्श गर्ने<br>- स्थायी बन्ध्याकरण सेवा दिने<br>- मातृशिशु सेवा दिने<br>- परिवार नियोजन सम्बन्धी तालिम, गोष्ठी र सेमीनार सञ्चालन गर्ने | ३.५ |